तुलसीपुर उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय,तुलसीपुर, दाङ
लुम्विनी प्रदेश , नेपाल

**सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७८/०१/०६)

यस तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय अर्न्तगत कृषि विकास शाखाको स्वीकृत आ.व. २०७७०७८ को वार्षिक उन्नत वीउमा कृषकहरुलाई अनुदान कार्यक्रम अर्न्तगत धानको उन्नत वीउ ५० प्रतिसत अनुदानमा कृषकहरुलाई वितरण कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारवाट ईजाजत प्राप्त इच्छुक सहकारी संस्था लि./फर्म/ कम्पनी वा सप्लार्यसहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ।

**तपसिल**

१.दरभाउपत्र फारम खरिदको लागि आ.व २०७७/७८ को नविकरण भएको इजाजत , आयकर दर्ता प्रमाण पत्र,फर्म संस्था कम्पनी दर्ताको प्रमाण पत्र र आ.व ०७६/०७७ को कर चुत्ताको प्रतिलिपि सहित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिनको बेलुका ५ बजे सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ। दरभाउपत्र सम्बन्धि कामकाज यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं , दिनको दिन १२: ०० बजे भित्र दाखिला गर्ने दरभाउपत्रको प्रत्येक पानामा सहि छाप गरी खामबन्दी गरी खामको बाहिर भागमा यस कार्यालयलाई सम्बोधन गरी ठेक्का नं, कामको विवरण खुलाई फर्मको छाप लगाई खाममा सिलबन्दी छाप गरी यस कार्यालयमा मात्र दर्ता गराउनु पर्नेछ। यसरी दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउ पत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्र साथ खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलि पल्ट कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारको कार्य हुनेछ।

४. दरभाउ पत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम मेघा बैंक तुलसीपुर उपमहानगरपालिका कार्यालय दाङको धरौटी खाता नं ग-३-०३८००१००७९१७८मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त क वर्गको बैंकवाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत -बैंक ग्यारेन्टी ) पेश गर्नुपर्ने छ।

५.दरभाउ पत्रमा मू.अ.क सहितको दररेट उल्लेख गर्नुपर्ने छ दरभाउ पत्र भर्दा स्पष्ट रुपमा अक्षर र अंक उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। म्याद नाघी आएको र रित नपुगेको दरभाउ पत्र उपर कुनै कार्वाही गरिने छैन।

६. नेपाल सरकारको वा नेपाल सरकारवाट मान्यता प्राप्त वीउविजन प्रयोगशालावाट वीउको गुणस्तर मापन गरेको ट्याग लगाएको वा प्रमाणित उन्नत वीउ उपचार गरेको प्रमाण सहितको कागजात पेश गर्नुपर्ने छ।

७. कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८.सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३, एवं नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ।

९. थप जनकारीका लागि यस कार्यालमा सम्पर्क राख्न सकिने छ, साथै यो सूचना तुलसीपुर उपमहानगरपालिकाको वेभसाइट www.tulsipurmun.gov.np बाट समेत डाउनलोड गरी हेर्न सकिनेछ।

१०. कामको विवरण निम्नानुसारको छ।

| सि. नं | ठेक्का.नं | कामको विवरण | परिमाण (क्विन्टल ) | ( मू.अ.कर) सहितको रकम | जमानत रकम | फारम खरिद दस्तुर | माध्य |
|---|---|---|---|---|---|---|---|
| १. | TSM/AG/03/G/077/78 | राम धान<br>सावा सव मंसुली -१<br>हर्दिनाथ -३<br>सुख्खा-(१,२,३,४,५,६) | ६० क्विन्टल<br>६० क्विन्टल<br>१० क्विन्टल<br>११०क्विन्टल | १७,४००००। | ४३,५००। | १०००। | दरभा पत्र |

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७४

लागत खर्त इष्टिमेट :

| क.स | कियाकलापहरु | स्पेशिफिकेसन | परिमाण क्विन्टल | मु.अ. कर सहितको रकम रु | जम्मा लागत | कर्यालयले बेहोर्ने रकम रु | कृषहरुले बेहोर्ने रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | धानको उन्नत(मध्यम) वीउ खरिद | राम धान ,साँवा मसुली सव १ | १२० | ७५०० | ९००००० | ४५०००० | ४५०००० |
| २ | धानको उन्नत (मोटा) वीउ खरिद | हर्दिनाथ-३, सुख्खा (१, २,३,४,५,६) | १२० | ७००० | ८४०००० | ४२०००० | ४२०००० |
| | | जम्मा | २४० | | १७४०००० | ८७०००० | ८७०००० |

तयार पार्ने :

प्रमाणित गर्ने :

नि. प्रमुख प्रशासकीय अधिकृत